यो आकाशवाणी हो...........

समाचार वन्दना रायबाट सुन्नुहोस.........

शुरुमा यस बुलेटिन का मुख्य समाचार..

1. बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले खाडी क्षेत्रमा रहेका सबै भारतीय नाविक र जहाजहरू सुरक्षित रहेको अनि पछिल्लो 24 घण्टामा त्यहाँ 161 भारतीय नाविकहरूलाई स्वदेश फिर्ता ल्याइएको जानकारी दिएका छन् ।

2. लोकसभाले आज सर्वसम्मतिले प्रस्ताव पारित गरेपछि आठ विपक्षी सांसदहरूको निलम्बन खारेज गरेको छ।

3. राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीमा अक्षय पात्र फाउन्डेसनद्वारा आयोजित एक कार्यक्रममा शिक्षालाई व्यक्तिको जीवनमा अवसरहरु सिर्जना गर्ने एक महत्त्वपूर्ण उपकरणको रूपमा वर्णन गर्दै यसले सफलताको मार्ग प्रशस्त गर्ने भन्नुभयो।

4. भारत जनजाति महोत्सव 2026 भोलिदेखि राष्ट्रिय राजधानीमा शुरु हुँदैछ, जसले आदिवासी समुदायको सांस्कृतिक सम्पदा र उद्यमशीलता प्रदर्शन गर्नेछ।

5. मौसम विभागले भोलि नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुराका केही ठाउँहरूमा बिजुली र तेज हावासहित आँधीबेहरीको लागि ऑरेंज अलर्ट जारी गरेको छ। पश्चिम बंगाल र सिक्किममा पनि यस्तै मौसम रहने सम्भावना छ।

अब समाचार विस्तार मा .....

अन्तर सीमा तालिका ब्रिफिंग

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले खाडी क्षेत्रमा रहेका सबै भारतीय नाविक र जहाजहरू सुरक्षित रहेको जानकारी दिएका छन्। श्री

सिन्हाले नयाँ दिल्लीमा पश्चिम एशियामा हालैका विकास घटनाक्रमहरूमा अन्तरमन्त्रीस्तरीय ब्रीफिंगलाई सम्बोधन गर्दै यो जानकारी दिए। उनले पछिल्लो 24 घण्टामा खाडी देशहरुबाट क्षेत्रमा हस्ताक्षर गरेपछि 161 भारतीय नाविकहरूलाई स्वदेश फिर्ता ल्याइएको र भारत फिर्ता ल्याइएको बताए। श्री सिन्हाले दोस्रो एलपीजी वाहक, नंदा देवी आज बिहान कान्डला बन्दरगाह आइपुगेको र अब दुवै एलपीजी वाहकहरूबाट माल ओसारने काम भइरहेको बताए।

ब्रिफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशभर पेट्रोल र डिजेल पर्याप्त मात्रामा उपलब्ध रहेको बताइन् ।

विदेश मंत्री डा. एस जयशंकरले हालै ब्रसेल्सको आफ्नो भ्रमणको क्रममा विभिन्न युरोपेली संघ देशका विदेश मन्त्रीहरूसँग पश्चिम एशियाको अवस्था र ऊर्जा सुरक्षामा यसको प्रभावमा विशेष ध्यान केन्द्रित गर्दै विश्वव्यापी चुनौतीहरुबारे छलफल गर्नुभयो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले मन्त्रीहरूले यस द्वन्द्वको चाँडो अन्त्य गर्न संवाद र कूटनीतिको मस्यौदा तयार गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएका छन् ।

### सोनोवाल - एलपीजी वाहकहरू

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्री सरबानंद सोनोवालले आज भारतीय भारतीय ध्वजधारी एलपीजी वाहक शिवालिक र नंदा देवी, चालक दलसँग भारतीय तटमा आइपुगेपछि अन्तरक्रिया गर्नुभयो। सामाजिक सञ्जालमा एक पोस्टमा मन्त्रीले राष्ट्र आफ्ना नाविकहरूको सुरक्षा, कल्याण साथै सुरक्षित, स्थिर र कुशल समुद्री सञ्चालनलाई समर्थन गर्न प्रतिबद्ध रहेको भन्नुभयो।

### लोक सभा सांसद निलम्बन

लोकसभाले सर्वसम्मतिले प्रस्ताव पारित गरेपछि आज आठ विपक्षी सांसदहरूको निलम्बन खारेज गरेको छ। संसदीय मामिला मन्त्री किरण रिजिजुले यो प्रस्ताव पेश गरेका थिए, जसमा तत्काल प्रभावबाट सदस्यहरूको निलम्बन समाप्त गर्ने प्रस्ताव गरिएको थियो।

सांसद कांग्रेसका मानिकम टैगोर, अमरिंदर सिंह राजा वारिंग, गुरजीत सिंह औंला, हिबी इडेन, डीन कुरियाकोस, प्रान्त पडोले र किरण कुमार रेड्डी र सीपीआई (एम) का एस वेंकटेशन शामेल छन्।

### लोकसभा-स्वयं सहायता समूह

सरकारले भनेको छ, दीनदयाल अन्त्योदय योजना-राष्ट्रिय ग्रामीण आजीविका मिशन अन्तर्गत, बैंकहरूले स्व-सहायता समूहलाई अहिलेसम्म 12 लाख 30 हजार करोड रुपैयाँभन्दा बढीको ऋण वितरण गरेको छ। ग्रामीण विकास राज्यमन्त्री चन्द्रशेखर पेम्मासानीले आज लोकसभामा एक प्रश्नको लिखित जवाफमा यो कुरा बताउनु भयो। उहाँले भन्नुभयो, सरकारले महिला स्व-सहायता समूहहरूको लागि ऋण सुलभ बनाउन ब्याज अनुदान योजना ल्याएको छ, भन्नुभयो।

### राष्ट्रपतिः अक्षय पात्र

राष्ट्रपति द्रौपदी मुर्मुले आज सरकारको प्रधानमन्त्री पोषण शक्ति निर्माण (पीएम पोषण) योजना अन्तर्गत बालबालिकालाई प्रदान गरिने पौष्टिक खाना देशको मानव पूँजीमा लगानी भएको बताउनु भयो। नयाँ दिल्लीमा अक्षय पात्र फाउन्डेसनद्वारा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मुले बालबालिकालाई राष्ट्रको जनसांख्यिकीय लाभांशको जगको रूपमा वर्णन गर्दै आगामी वर्षहरूमा उनीहरूले भारतको विकास यात्रालाई अगाडि बढाउने बताउनु भयो। श्रीमती मुर्मुले शिक्षालाई व्यक्तिको जीवनमा अवसरहरू सिर्जना गर्ने एक महत्त्वपूर्ण उपकरणको रूपमा वर्णन गर्दै यसले सफलताको मार्ग प्रशस्त गर्ने भन्नुभयो विद्यालयहरूमा मध्याह्न भोजन उपलब्ध गराउने, फाउन्डेसनको प्रयासको प्रशंसा गर्दै राष्ट्रपतिले केन्द्र सरकारले, यो विश्वको सबैभन्दा ठूलो योजना चलाएको बताउनु भयो।

### चिराग पासवान पोषण भारत

केन्द्रीय खाद्य प्रसंस्करण उद्योग मंत्री, चिराग पासवानले विक्रेताहरूले उपभोक्ताहरुलाई प्रदान गरिने सबै खाद्य वस्तुहरूको गुणस्तर सुनिश्चित गर्नुपर्ने र मापदण्डमा सम्झौता नगर्ने कुरामा जोड दिनुभयो। नयाँ दिल्लीमा पोषण भारत 2026 कार्यक्रमलाई सम्बोधन गर्दै श्री पासवानले प्रधानमन्त्री नरेन्द्र मोदीले परिकल्पना गरेको विकसित भारत-2047 को दृष्टिकोणलाई साकार

पार्न खाद्य प्रसंस्करण क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताउंदै, उद्योग र नीति निर्माताहरू बीच सरकारले पुलको रूपमा काम गरिरहेको बताउनु भयो।

**भारत जनजाति महोत्सव**

भारत जनजाति महोत्सव 2026 भोलिदेखि राष्ट्रिय राजधानीमा शुरु हुँदैछ, जसले आदिवासी समुदायको सांस्कृतिक सम्पदा र उद्यमशीलता प्रदर्शन गर्नेछ। यो महोत्सव भारतीय आदिवासी सहकारी बजार विकास महासंघद्वारा सुन्दर नर्सरीमा आयोजना गरिएको छ र यसको उद्घाटन केन्द्रीय आदिवासी मामिला मन्त्री जुएल ओरामले गर्नु हुनेछ।

**मौसम**

भारत मौसम विभाग (IMD) ले भोलि नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुराका केही ठाउँहरूमा बिजुली र तेज हावासहित आँधीबेहरीको लागि ऑरेंज अलर्ट जारी गरेको छ। IMD का अनुसार, आगामी दुई दिनमा झारखंड, आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, असम, मेघालय, बिहार, छत्तीसगढ, हिमाचल प्रदेश, महाराष्ट्र, ओडिशा, तेलंगाना, पश्चिम बंगाल र सिक्किममा पनि यस्तै मौसम रहने सम्भावना छ । IMD ले भोलि अरुणाचल प्रदेश, असम र मेघालयमा भारी वर्षाको पूर्वानुमान पनि गरेको छ।